# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका, बिर्तामोड, झापाद्धारा प्रकाशित

खण्ड: ३ सख्या: ८ फाल्गुन २१ गते, २०७९

## भाग १

सम्वत् २०७९ सालको ऐन नं ८

बिर्तामोड नगरपालिकाको आर्थिक ऐन २०७९ दोस्रो संशोधन ऐन २०७९

प्रमाणिकरण मिति: २०७९ फाल्गुन १७ गते

**प्रस्तावना**

बिर्तामोड नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको बितामोड नगरपालिका आर्थिक ऐन २०७९ लाई संशोधन गर्न वाञ्छनिय भएकोले नगरपालिकाको नगरसभाको मिति २०७९/११/१५ मा सम्पन्न अधिवेसनले यो ऐन बनाएको छ ।



**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो ऐनको नाम 'बिर्तामोड नगरपालिकाको आर्थिक ऐन २०७९ दोस्रो संशोधन ऐन २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.संशोधन**

(१) आर्थिक ऐन २०७९ को दफा २ र ३ सँग सम्बन्धित सम्पति कर तथा भूमि कर (मालपोत)र सोही ऐनको दफा दफा ५ सँग सम्बन्धित व्यवसाय कर समयमा नबुझाएर तिर्न बाँकी रहेको बक्यौता रकममा लाग्ने जरिवना २०८० साल बैशाख मसान्त सम्म बक्यौता रकम तिरे बुझाएमा शत प्रतिशत जरिवना छुट दिइनेछ।

(२) आर्थिक ऐन २०७९ को दफा ८ सँग सम्बन्धित बिज्ञापन कर अन्तर्गत अनुसुचि ७मा फर्म/कम्पनिको नामको लागि राखिने परिचय पाटी ३६ बर्ग फिट सम्मका साइज भएका सामाग्रीमा बिज्ञापन कर नलाग्ने र सो भन्दा बढीको साइजमा राख्नु पर्ने भएमा प्रचलित दरमा बिज्ञापन कर बुझाइ राख्न सकिने छ भन्ने व्यवस्था थप गर्ने तथा बिज्ञापन सामाग्रीकोमा लाग्ने बिज्ञापन कर समयमा नतिर्ने फर्म/ कम्पनीलाई बिज्ञापन करमा शत प्रतिशत जरिवना गरि व्यवसाय करसँग एकमुष्ठ असुल गरिनेछ ।

आज्ञाले,

बिनोदकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत